का.जि.प्र.का.द.नं. १००/०५९/६०
१५ कातिक २०८०,
बुधबार
1 November 2023,
Wednesday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक
ईपेपर हेर्नु
वर्ष २१, अंक २७२ । पृष्ठ १२
Madhyanha National Daily
www.madhyanhadaily.com



## यूएनको टेबुलमा नेपालका मुद्दा

संसदमा गुटेरेसको सम्बोधन

कूटनीतिक मामिलाका जानकारहरु नेपालले उठाउँदै आएका मुद्दा गुटेरेसको सम्बोधनसँगै यूएनको टेबुलमा पुगेको बताउँछन् । संसदमा व्यक्त विचारलाई अधिकतम सदुपयोग गर्न नेपालको कूटनीति सञ्चालन गर्नेहरुले संवादमा ध्यान दिनुपर्ने उनीहरुको सुझाव छ ।



राष्ट्रसंघका महासचिवले बोल्नसक्ने कुरा बोल्नुभयो, जलवायु र गरिबी निवारणसम्बन्धी फन्डहरु छुट्याउने भन्ने, यो भन्दा ठूलो कुरा केही हुन्न ।

■ **प्रचण्ड**
**प्रधानमन्त्री**



महासचिव गुटेरेसले नेपाली राष्ट्रको राम्रो मूल्यांकन गर्नुभयो । वातावरण र गरिबी निवारणको बारेमा बोल्नुभयो ।

■ **केपी शर्मा ओली**
**अध्यक्ष, नेकपा एमाले**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १४ कात्तिक ।

नेपालले अन्तराष्ट्रिय मञ्चहरुमा निरन्तर उठाउँदै आएको विषय हो - जलवायु परिवर्तनले निम्त्याएको संकट । नेपालको संघीय संसदमा सम्बोधन गर्दै संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले यस विषयलाई गम्भीरतापूर्वक मात्रै उठाएनन्, नेपाललाई सहयोग गर्न अन्तराष्ट्रिय समुदायलाई आह्वान गरे ।

आफ्नो सम्बोधनको सुरुवातमा नै महासचिव गुटेरेसले नेपाल भ्रमणबाट आफूले धेरै कुरा सिकेको उल्लेख गर्दै जलवायु परिवर्तन विरूद्धको सङ्घर्ष र नेपालको विकासका लागि आफूले सिकेको कुरालाई प्रयोग गर्दै सहयोग गर्ने प्रतिबद्धता जनाए । जलवायु परिवर्तनका चुनौती खेप्नु परिरहेका देशहरूमा नेपाल अग्रणी रहेको बताउँदै उनले नेपालले कूल शून्य उत्सर्जन हासिल गर्ने दिशामा प्रगति गरेको बताए ।

नेपालको करिब आधा भूभागमा वन क्षेत्रका कारण हरियाली रहेको चर्चा गर्दै उनले उनले विपद्को पूर्व चेतावनी दिने प्रणालीप्रति पनि प्रसन्नता जनाए । तर नेपालमा अन्य विकासशील देशहरूजस्तै पृष्ठ २ मा

### शान्ति प्रक्रिया टुंग्याउन दबाब

यूएन महासचिव गुटेरेसले संक्रमणकालीन न्याय प्रधान विषय पनि उठाए । यसलाई सरोकारवालाहरु शान्ति प्रक्रिया टुंग्याउन नेपालमाथि परेको अन्तराष्ट्रिय दबाबको रुपमा लिनुपर्ने बताउँछन् ।

तत्कालीन सात दल र विद्रोही माओवादीबिच २०६३ मंसिर ५ मा विस्तृत शान्ति सम्झौता भएको थियो । १७ वर्षसम्म पनि संक्रमणकालीन न्यायको विषय टुंगिएको छैन ।

संघीय संसदमा सम्बोधन गर्नेक्रममा गुटेरेसले नेपालीले नेतृत्व लिएको शान्ति प्रक्रिया अघि बढाउने अन्तिम चरणको काम भइरहेको उल्लेख गरे । उनले अगाडि भनेका छन्, 'संक्रमणकालीन न्याय दीर्घकालीन शान्ति कायम गर्न महत्त्वपूर्ण भूमिका खेल्न सक्छ । तर हामी सबैलाई थाहा छ पृष्ठ २ मा

## सत्तारुढ नै सडकमा

संघीय सरकार संघीयताको मर्म र भावना विपरीत अगाडि बढेको भनी बागमती प्रदेश सरकार संघीय सरकारविरुद्ध मुद्दा लिएर सर्वोच्च अदालत पुगेको छ । यही बेला संघीयताको रक्षार्थ भन्दै माओवादी केन्द्रले सडकमा प्रर्दशन गर्न लागेको हो ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १४ कात्तिक ।

सरकारको नेतृत्वकर्ता दल नेकपा माओवादी केन्द्र नै सडक आन्दोलनमा उत्रिने भएको छ । संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षा र प्रतिगमनको विरोध लगायत विषयमा जनप्रदर्शन गर्ने भन्दै सत्तारुढ दल नै सडकमा जान लागेको हो । आइतबार प्रधानमन्त्री निवास बालुवाटारमा बसेको माओवादी केन्द्रको पदाधिकारी बैठकले काठमाडौंमा जनप्रर्दशन गर्ने निर्णय गरेको हो ।

विशेष अभियानकै क्रममा पार्टीको बागमती प्रदेश, जवस सम्बद्ध उपत्यका विशेष प्रदेश र उपत्यका सम्पर्क समन्वय प्रदेशको संयुक्त आयोजनामा आगामी मंसिर २२ गते सडक प्रर्दशन गर्ने गरी माओवादीले मातहतका कमिटीमा ६ बुँदे परिपत्र जारी गरेको छ ।

'अभियानकै क्रममा पार्टीको बागमती प्रदेश, जवस सम्बद्ध उपत्यका विशेष प्रदेश र उपत्यका सम्पर्क समन्वय प्रदेशको संयुक्त आयोजनामा यही मंसिर २२ गते काठमाडौंमा संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षा तथा सुदृढिकरण, राष्ट्रिय स्वाधीनताको रक्षा र प्रतिगमनको विरोध आदि विषयलाई लिएर जनप्रदर्शन गर्न र गराउन पहल गर्ने निश्चित गरिएको छ', परिपत्रमा उल्लेख छ ।

संघीय सरकार संघीयताको मर्म र भावना विपरित अगाडि बढेको भनी बागमती प्रदेश सरकार संघीय सरकारविरुद्ध मुद्दा लिएर सर्वोच्च अदालत पुगेको छ । यही बेला संघीयताको रक्षार्थ भन्दै माओवादी केन्द्रले सडकमा प्रर्दशन गर्न लागेको हो ।

पछिल्लो पटक असोज २९ गते सुदूरपश्चिमको धनगढीमा भएको समाजवादी मोर्चाको सभालाई सम्बोधन गर्दै प्रधानमन्त्री प्रचण्डले लाखौं जनता सडकमा उतार्ने चेतावनी दिएका थिए । माओवादी केन्द्रले साउनको तेस्रो साता राजधानीमा बसेको केन्द्रीय समिति बैठकले विशेष रूपान्तरण अभियानअन्तर्गत तेस्रो चरणमा जनपरिचालन, अन्तर्क्रिया, विचार गोष्ठी, सभा गर्ने निर्णय गरेको थियो । देशको नेतृत्व गरिरहेको पार्टी नै सडक पृष्ठ २ मा



व्यवस्थाको रक्षा र विकास नियमित प्रक्रिया हो । अलिकति अराजक गतिविधिहरु पनि देखा परेको छ । ती गतिविधिबारे जनतालाई थाहा दिन जरुरी छ । यस सन्दर्भमा पार्टी सडकमा जान्छ र जानुपर्छ ।

■ **अग्निप्रसाद सापकोटा**
**प्रवक्ता, माओवादी केन्द्र**

## वैदेशिक रोजगार विशेष

### भिजिटमा पठाउने प्रहरी जवान नै ५ लाख ठगी अभियोगमा पक्राउ

# अध्यागमन हाकिम र कर्मचारीको कमाइ कति ?

**मध्यान्ह संवाददाता**
काठमाडौं, १४ कात्तिक

उपत्यका अपराध अनुसन्धान कार्यालयले नक्कली शैक्षिक कागजात बनाएर भिजिट भिसामा पठाउने गिरोहमा संलग्न रहेको आरोपमा एक जना प्रहरी जवान पक्राउ गरेको छ । त्रिभुवन अन्तर राष्ट्रिय विमानस्थल सुरक्षा प्रहरी कार्यालयमा कार्यरत प्रहरी जवान जीवराज तामाङलाई उदयपुरका ३० वर्षीय आशिष श्रेष्ठलाई नक्कली शैक्षिक प्रमाणपत्र बनाइदिएको अभियोगमा पक्राउ गरिएको प्रहरी उपरीक्षक (एसपी) रवीन्द्र रेग्मीले बताए ।

प्रहरीले नक्कली कागजातका आधारमा विदेश जान खोजेका श्रेष्ठलाई पनि पक्राउ गरेको छ । गृह मन्त्रालयले भिजिट भिसामा विदेश जान कम्तीमा १२ कक्षा उत्तीर्ण गरेको हुनुपर्ने मापदण्ड तोकेको छ । प्रहरी जवान तामाङले श्रेष्ठसँग शैक्षिक प्रमाणपत्र र सबै प्रक्रियाका लागि ५ लाख रुपैयाँ लिएको अनुसन्धानको क्रममा खुलेको प्रहरीले बताएको छ ।

मोटो रकम लिएर नक्कली शैक्षिक प्रमाण बनाइ भिजिट भिसामा पठाउन खोजेको भन्दै उपत्यका अपराध अनुसन्धान कार्यालयमा उजुरी परेपछि प्रहरीले अनुसन्धान थालेको थियो । शुरुमा पक्राउ परेका श्रेष्ठको बयानको आधारमा प्रहरी जवान तामाङको संलग्नता रहेको प्रारम्भिक अनुसन्धानबाट खुलेको बताइएको छ । प्रहरी जवान तामाङले सेटिङमार्फत भिजिट भिसामा जाने व्यक्तिहरुलाई अध्यागमन पास गराइ मोटो रकम असुल्ने हाकिमहरुको सहयोगी भूमिका खेलेको पनि बताइएको छ ।

विगतमा भिजिट भिसामा विदेशीने र रोजगारी नपाइ अलपत्र पर्ने क्रम तीव्र भएपछि गृह मन्त्रालयले त्यसमा पृष्ठ २ मा

### इजरायलमा थप दुई नेपालीको शव पहिचान

**काठमाडौं/रासस–** दक्षिणी इजरायलमा हमास समूहका आक्रमणमा परी मृत्यु भएका १० जना नेपाली विद्यार्थीमध्ये इजरायलमा मारिएका थप दुई नेपालीको शव पहिचान भएको छ । मधुवन-१ सुनसरीका राजेशकुमार स्वर्णकार र सपही-६ धनुषाका अनन्द साहको शव पहिचान भएको तेल अविवस्थित नेपाली दूतावासले जनाएको छ ।

सोमबार साँझ दूतावासले जारी गरेको वक्तव्यमा भनिएको छ, 'आवश्यक प्रक्रिया पूरा गरी पहिचान भएका सबै शव यथाशीघ्र स्वदेश पठाउने व्यवस्था मिलाइँदैछ ।' पृष्ठ २ मा

VACANCY ANNOUNCEMENT
यस प्रतिष्ठित म्यानपावर कम्पनीको लागि कर्मचारीहरुको आवश्यकता भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।
Receiptionist - 1 (F)
Documentation - 1 (M/F)
Accountant - 1 (M/F)
Sinior Secretary - 1 (M/F)
Secretary - 1 (M/F)
सम्बन्धित काममा २ बर्षको अनुभव भई अंग्रेजीमा राम्रोसँग बोल्न, लेख्न र पढ्न सक्ने हुनुपर्नेछ । कम्प्युटर राम्रोसँग जानेको हुनुपर्नेछ ।
SALARY Negotiable
9801059997
Send us your CV: Naukrinepal@hotmail.com
नोकरी नेपाल रिक्रुमेन्ट सर्भिस प्रा. लि.
मित्रनगर, गोगंबु, काठमाडौं, नेपाल, फोन: ४३६९६८६, ४३८५७८
Govt. Lic. No.: 657/063/064

VACANCY ANNOUNCEMENT
यस प्रतिष्ठित म्यानपावर कम्पनीको लागि कर्मचारीहरुको आवश्यकता भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।
Operation Manager - 1 (M/F)
IT Officer - 1 (F)
Public Relation Manager - 1 (F)
Public a relation Officer - 2 (M/F)
Public Relation Officer - 2 (M/F) (Gulf Experience)
सम्बन्धित काममा २ बर्षको अनुभव भई अंग्रेजीमा राम्रोसँग बोल्न, लेख्न र पढ्न सक्ने हुनुपर्नेछ । कम्प्युटर राम्रोसँग जानेको हुनुपर्नेछ ।
01-4525081/2
9852059259
Salary Negotiable With Attractive Bonus
Manaslu International Services Pvt. Ltd.
Dhumbarahi, Ktm, Nepal
Email: manaslunp@hotmail.com
Govt. Lic. No.: 151/056/057

CERTIS
GSS GROUP SECURITY SYSTEM
QATAR मा महिला SECURITY GUARD हरूलाई रोजगारको अवसर
Company: Group Security Certis International
पूर्व स्वीकृती मिति: २०८०/०७/१४ चलानी नं. ६०२०९५०० LT No. : 294432

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Security Guard | 31 | 40 | काममा दक्ष | 1500 | ५४,८१६।- | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | छ | २ बर्ष |

पुनः बिज्ञापन । पूर्व स्वीकृती मिति: २०८०/०५/०३ चलानी नं. ६०२०६५६६ LT No. : 291281

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Security Guard | 36 | 10 | काममा दक्ष | 1500 | ५४,८१६।- | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | छ | २ बर्ष |

प्रि-अन्तरवार्ता कात्तिक १६ गते (Nov. 2) यस प्रालिको शाखा कार्यलय इटहरिमा, कात्तिक १७ गते (Nov. 3) यस प्रालिको शाखा कार्यलय दमकमा, र कात्तिक १८, १९ र २० गते (Nov. 4, 5 & 6) सिपी होटल बिर्तामोडमा हुनेछ र फाइनल अन्तरवार्ता २०८० कात्तिक २२, २३ र २४ गते (Nov. 8, 9 & 10, 2023) सिपी होटल बिर्तामोड, झापामा र बसुन्धारा बैंक्वेट, बसुन्धारा, काठमाडौंमा हुनेछ ।

G4S
Employment Opportunity In QATAR
Company :G4S Qatar W.L.L.
Pre-approval Date: 2080/07/14 Dispatch No.: 60209501 LT. 294430

| S.N. क्र.स. | Category कामदारको पद | QTY. माग संख्या पुरुष Male | QTY. माग संख्या महिला Female | Qualification योग्यता | Salary मासिक तलव QR | Salary मासिक तलव NRS. | Working Hrs./Day प्रतिदिन काम गर्ने घण्टा | Working days /week हप्तामा काम गर्ने दिन | Yearly Holidays/Over Time Facility बार्षिक बिदा/ओभर टाईम सुविधा | Food खाना सुविधा | Accomodation बस्ने सुविधा | Contract Period करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cashier | 8 | 0 | Experienced in the related field. सम्बन्धित काममा दक्ष | 1800 | ६५,७७९।- | 8 hours a day ८ घण्टा | 6 days a week ६ दिन | as per company rule क. नि. अनुसार | Provided by company रोजगारदाता कम्पनीले दिनेछ | Provided by company रोजगारदाता कम्पनीले दिनेछ | 2 Years २ वर्ष |
| 2. | Security Guard | 0 | 5 | | 1850 | ६७,६०७।- | | | | | | |
| 3. | Driver | 9 | 0 | | 2500 | ९१,३६०।- | | | | | | |
| 4. | Security Guard | 60 | 0 | | 1850 | ६७,६०७।- | | | | | | |

Pre Interview will be held on November 6, 2023 at Basundhara Banquet in Basundhara, Kathmandu & Final Interview will be held by a Company Representative on November 8, 2023 at Siddhartha Hotel Grand City in Birtamode, Jhapa.
प्रि-अन्तरवार्ता २०८० कात्तिक २० गते बसुन्धारा बैंक्वेट, बसुन्धारा, काठमाडौंमा र फाइनल अन्तरवार्ता कम्पनीको प्रतिनिधीबाट २०८० कात्तिक २२ गते होटल ग्राण्ड सिटी, बिर्तामोड, झापामा हुनेछ ।

| Medical Expenses In Nepal (स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने) | Medical Expenses In Qatar (बिदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने) | Insurance Expenses In Nepal (स्वदेशमा गरिने बिमा खर्च कसले गर्ने र कति लाग्ने) | Insurance Expenses In Qatar (रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने) | Ticket Expenses (हवाई टिकट कसले दिने र कति लाग्ने) | Visa Expenses (भिषा शुल्क कसले दिने र कति लाग्ने) | Welfare Fund in Nepal (नेपालमा गरिने कल्याणकारी खर्च) | Orientation Charge in Nepal (नेपालमा गरिने अभिमुखीकरण शुल्क) | Social Security Fund सामाजिक सुरक्षा कोष | Recruitment Agency Service Charge (सेवा शुल्क) |
|---|---|---|---|---|---|---|---|---|---|
| By Candidate (कामदार आफैले) | By Company (हुने, रोजगारदाता कम्पनीले) | By Candidate (कामदार आफैले) | Duty hour By Company (हुने, काम गर्ने समयमा रोजगारदाता कम्पनीले) | Provided By The Company Free of Cost (नि:शुल्क रोजगारदाता कम्पनीले) | Provided By The Company Free of Cost (नि:शुल्क रोजगारदाता कम्पनीले) | By Candidate (कामदार आफैले) | By Candidate (कामदार आफैले) | By Candidate (कामदार आफैले) | By Company (हुने, रोजगारदाता कम्पनीले) |

**Information by Department of foreign employment:** 1. Take note of the number and address of embassy in which conutry you are heading for so that they help you if incase you get problems and difficulties. 2. As mentioned in this advertisement (information) there is no cost other than Pre-medical in Nepal, Insurance expenses in Nepal, Welfare fund in Nepal, Orientation charge in Nepal & Social security fund, so please do not pay anyone. 3. Please take orientation class compulsory before the departure. 4. Please do the sing on the agreement paper after reding carefully about the company, it's address facilities, salary and others terms and condition. And keep safe one copy yourselves. 5. Please use Kathmandu international airport only while departure, otherwise you may cheated. 6. If you want do know more about this advertisement then you can please contact nepal labour & employment department in Buddhanagar, New Baneshwor.

**बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी:** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस बिज्ञापन (सूचना) मा उल्लेख भए अनुसार स्वदेशमा गरिने स्वदेशमा गरिने प्रि–मेडिकल, स्वदेशमा गरिने बिमा खर्च, नेपालमा गरिने कल्याणकारी खर्च, नेपालमा गरिने अभिमुखीकरण शुल्क र सामाजिक सुरक्षा कोष, बाहेक अन्य कुनै खर्च नलाग्ने हुँदा कहिकतै कोहि कसैलाई रकम नदिनु होला । ३) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला ।४) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ५) कामका विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग, बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

AAROHI HR Solutions Pvt. Ltd.
Govt. Lic. No: 1244/074/075
आरोही एच.आर. सोलुसन्स् प्रा.लि.
Kathmandu Metropolitan-3, Basundhara Kathmandu Nepal
www.aarohihrsolutions.com info@aarohiirsolutions.com
01-4961807, 4962925 9802067941, 9801081902

# राष्ट्रिय मर्यादासम्बन्धी विधेयक पारित



**काठमाडौं/मस**-राष्ट्रिय मर्यादासम्बन्धी विधेयक, २०८० राष्ट्रियसभाबाट पारित भएको छ । राष्ट्रियसभाको मंगलबार बसेको दोस्रो बैठकमा सांसद प्रकाश पन्थले पेश गरेको 'राष्ट्रिय मर्यादासम्बन्धी विधेयक, २०८० पारित गरियोस्' भन्ने प्रस्ताव सर्वसम्मतिले पारित भएको हो । यो राष्ट्रिय सभामा रहेका सबै दलका सांसदहरुले संयुक्त रुपमा दर्ता गरेको गैरसरकारी विधेयक हो ।

राष्ट्रिय सभाबाट पारित विधेयक अब प्रतिनिधि सभामा जानेछ। प्रतिनिधिसभा नियमावली र संघीय संसदको संयुक्त बैठक सञ्चालन नियमावलीका अनुसार प्रतिनिधि सभाका कुनै सदस्यले यो विधेयकलाई अगाडि बढाउनुपर्ने हुन्छ । प्रतिनिधि सभाले पनि स्वीकार गरेर अगाडि बढाएको खण्डमा यसले कानूनको रुप लिनेछ ।

हाल सरकारले राष्ट्रिय मर्यादा तय गरेर राजपत्रमा प्रकाशन गर्ने गर्दछ । प्रस्तावित विधेयकले कानूनको रुप लिए मर्यादाको विषय कानूनमै व्यवस्थित हुनेछ ।

# रिगललाई आममाफी दिने निर्णयविरुद्धको सुनुवाइ आज पनि हुँदै

**काठमाडौं/मस**-सर्वोच्च अदालतले योगराज ढकाल (रिगल) कैद मिनाह गरी आममाफी दिने निर्णयविरुद्धको सुनुवाइ मंगलबार पूरा नभएपछि बुधबार पुनः हुने भएको छ ।

न्यायाधीशहरू ईश्वरप्रसाद खतिवडा, सपना प्रधान मल्ल र कुमार चुडालको संयुक्त इजलासमा मंगलबार भएको सुनुवाइमा सरकारी पक्षले बहस भएको थियो। मंगलबार महान्यायाधिवक्ता डा.दिनमणि पोखरेल, नायब महान्यायाधिवक्ता विश्वराज कोइराला र नायब महान्यायाधिवक्ता सञ्जिवराज रेग्मीले सरकारका तर्फबाट बहस गरेका थिए। बुधबार बाँकी सुनुवाइ हुनेछ ।

संविधान दिवसका अवसरमा यही असोज ३ मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट योगराज ढकालको कैद मिनाहा भएको थियो । राष्ट्रपतिको निर्णयविरुद्ध हत्या गरिएका चेतन मानन्धरको पत्नी भारती शेर्पाले सर्वोच्च अदालतमा रिट निवेदन दायर गरेकी थिइन्। उक्त रिट निवेदनमा सुनुवाइ भएको हो । निवेदकका तर्फबाट वरिष्ठ अधिवक्ता बालकृष्ण नेउपानेको नेतृत्वमा बहस भएको थियो ।

गत असोज २५ गते प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ, न्यायाधीशहरू डा.आनन्दमोहन भट्टराई र कुमार रेग्मीको पूर्ण इजलासमा सुनुवाइ प्रारम्भ भए पनि हेर्न नमिल्ने भएपछि मंगलबारका लागि सुनुवाइ तय गरिएको थियो।

गत असोज १८ गते न्यायाधीश मनोजकुमार शर्माको एकल इजलासले रिगललाई आममाफी दिन सिफारिस गर्नुपर्नेको कारणसहितको सम्पूर्ण सक्कल मिसिल गत असोज २४ गतेभित्र झिकाउन आदेश गरेको थियो । साथै, अदालतले कानूनी प्रश्नको जटिलता र महत्वको विचार गर्दा पूर्ण इजलासमा पेश गर्नका लागि उपयुक्त देखिएकाले अर्को सुनुवाइका लागि पूर्ण इजलासमा पेशी व्यवस्थापन गर्नसमेत आदेश दिएको थियो ।

## यूएनको...

संकटहरू बढिरहेको भन्दै उनले नेपाल बाढी पहिरो जस्ता मनसुनी प्रकोप, हिमनदी पग्लनेजस्ता विपद् हरूको चपेटामा परेको उनले सुनाए । सगरमाथा क्षेत्रको भ्रमण गरेर आफूले प्रत्यक्ष रूपमा नेपालले भोगेको जलवायु संकटट देखेको उल्लेख गर्दै उनले नेपाललाई सघाउनु विकसित देशहरूको दायित्व भएको बताए ।

'नेपाल अहिले सबैभन्दा बढी दु:ख पाउने मध्येको देश हो । नेपालका हिमनदीहरू सुक्दै गएकाले दक्षिण एशियाका अन्य देशहरू पनि नराम्रोसँग पीडित बन्न सक्छन्' उनले भनेका छन् ।

यही विषय नेपालले अन्तराष्ट्रिय मञ्चहरुमा उठाउँदै आएको छ । कुटनीतिक मामिलाका जानकारहरु नेपालले उठाउँदै आएका मुद्दा गुटरेसको सम्बोधनसँगै यूएनको टेबुलमा पुगेको बताउँछन् । संसदमा व्यक्त बिचारलाई अधिकतम सदुपयोग गर्न नेपालको कुटनीति संचालन गर्नेहरुले संवादमा ध्यान दिनुपर्ने उनीहरुको सुझाव छ ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड एन्टोनियो गुटेरेसले संघीय संसद्मा राखेको धारणा नेपालका लागि अति महत्वपूर्ण रहेको बताउँछन् । संसद् भवनबाट बाहिरिने क्रममा प्रधानमन्त्री प्रचण्डले जलवायु र गरिवी निवारणसम्बन्धी फन्ड छुट्याउने सबभन्दा ठूलो कुरा भएको बताए ।

'राष्ट्रसंघका महासचिवले बोल्नसक्ने कुरा बोल्नुभयो, यो नेपालको लागि खुसीको कुरा हो । जलवायु र गरिबी निवारणसम्बन्धी फन्डहरु छुट्याउने भन्ने, यो भन्दा ठूलो कुरा केही हुन्न' उनले भने ।

महासचिव गुटेरेसबाट शान्तिप्रक्रियाबारे पनि राम्रो धारणा आएको प्रधानमन्त्री दाहालको भनाइ छ। तर नेपालकै केही नेताहरुले देश विभाजित छ भन्ने देखाएको भन्दै उनले असन्तुष्टि जनाए। 'नेपालको शान्ति प्रक्रियाबारे महासचिव गुटेरेसको राम्रो धारणा छ। नेपालकै केही नेताहरुले देश विभाजित छ जस्तो देखाउनुभयो, यो दुर्भाग्यपूर्ण छ', उनले भने ।

प्रमुख प्रतिपक्ष एमालेका अध्यक्ष केपी शर्मा ओली महासचिव गुटेरेसले नेपाली राष्ट्रको राम्रो मूल्यांकन गरेको बताउँछन् । महासचिव गुटेरेसले वातावरण र गरिबी निवारणको बारेमा बोलेको उल्लेख गर्दै ओलीले भनेका छन्, 'सम्पन्न, धनी देशहरुलाई र संयुक्त राष्ट्रसंघका प्रतिबद्धता र नेपालको सजगताको कुरा गर्नुभएको छ। शान्ति प्रक्रियालाई पीडितमैत्री बनाउने कुरा गर्नुभएको छ ।'

## शान्ति...

यो सजिलो छैन । यो जटील प्रक्रिया हो ।'

पीडितहरूलाई केन्द्रमा राखेर समावेशी प्रक्रिया अवलम्बन गर्दा मात्रै शान्ति प्रक्रिया सफल हुने उनले बताएका छन् ।

## सत्तारुढ...

प्रदर्शनमा उभिनु कति जायज भन्ने प्रश्न उठ्नु स्वभाविक भएको उल्लेख गर्दै माओवादी केन्द्रका प्रवक्ता अग्निप्रसाद सापकोटा पनि पार्टी र सरकार फरक फरक हो भन्ने बुझ्न सुझाउँछन् ।

'व्यवस्थाको रक्षा र विकास नियमित प्रक्रिया हो । अलिकति अराजक गतिविधिहरु पनि देखा परेको छ । ती गतिविधिबारे जनतालाई थाहा दिनु जरुरी छ। यस सन्दर्भमका पार्टी सडकमा जान्छ र जानुपर्छ' उनी भन्छन्, 'पार्टीले सडकबाट सरकारलाई खबरदारी गर्छ र गर्नुपर्छ । किनभने सबै कुराको निर्क्योल गर्ने जनताद्वारा नै हो ।'

## भिजिटमा...

चासो राखेर नियन्त्रणका केही उपाय अवलम्बन गरेको थियो । तर ट्राभल्स एजेन्सी र केही जहाज कम्पनीको मिलेमतोमा भिजिट भिसामा जाने क्रम उल्लेखरुपमा बढेको स्रोतले बताएको छ ।

मुख्यगरी राति सवा ११ बजेपछि यूएईका लागि उडान भर्ने निजी एयरलाइन्सका ८० प्रतिशत यात्रु भिजिट भिसाका हुने उक्त स्रोतको दाबी छ । पर्याप्त आर्थिक स्रोत देखाउन नसक्नेको भिजिट भिसा नियन्त्रणका लागि नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोका प्रहरी पनि प्रस्थान कक्षमा खटिने गरेका छन् । तर उनीहरूले तलदेखि माथिल्लो तहसम्म कसिएको सेटिङको जालो तोड्न नसकेको बताइन्छ । प्रहरी जवान नै ५ लाख लिएर नक्कली कागजात बनाएर भिजिट भिसामा पठाउने धन्दामा पक्राउ परेको घटनाले उपल्लो तहका अधिकारीहरुको मासिक कमाइ अत्यधिक रहेको देखाउने स्रोत बताउँछ ।

यसअघि भिजिट भिसामा गैरकानूनीरुपमा पठाउने धन्दामा गृह मन्त्रालयअन्तर्गत रहने अध्यागमन विभागका कर्मचारीहरु पनि संलग्न भएको समाचार सार्वजनिक भएपछि भिजिट भिसाका कारण उत्पन्न समस्या समाधानका लागि तत्कालीन गृहमन्त्री बालकृष्ण खाँण र तत्कालीन श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठसहित तत्कालीन गृहसचिव टेकनारायण पाण्डे, श्रम मन्त्रालयका सचिव एकनारायण अर्याल, गृह मन्त्रालयका सहसचिव, अध्यागमन विभागका महानिर्देशनक, वैदेशिक रोजगार विभागका महानिर्देशकलगायत दुबै मन्त्रालयका उच्च पदस्थ कर्मचारीहरुबीच छलफल भएको थियो ।

छलफलमा वैदेशिक रोजगारका लागि जाँदा प्रदान गरिने श्रम स्वीकृति जस्तै पारिवारिक भिसा र भिजिट भिसामा विदेश जाँदा पनि स्वीकृति लिनुपर्ने व्यवस्था गर्ने निष्कर्ष निकाल्दै त्यसका लागि अध्यागमन विभागले छुट्टै 'एप्स' निर्माण गरी कार्यान्वयनमा लैजाने सहमति गरिएको थियो । त्यस्तै यसअघि भिजिट भिसा तथा व्यक्तिगत श्रम स्वीकृतिमा जाने अधिकांश नेपाली विदेशमा अलपत्र पर्न थालेपछि सरकारले स्वघोषणापत्र अनिवार्यरुपमा भर्नुपर्ने व्यवस्था गरिएको थियो ।

वैदेशिक रोजगारीका नाममा भिजिट भिसा र व्यक्तिगत श्रम स्वीकृति लिएर गएका व्यक्ति अलपत्र पर्ने, ठगिने, तोकेकोभन्दा बढी शुल्क तिर्न बाध्य पारिनेजस्ता प्रवृत्ति देखिएपछि स्वघोषणापत्र भर्नुपर्ने व्यवस्था गरिएको हो । तर सेटिङका आधारमा प्रत्येक दिन मोटो रकम बुझ्न पल्केका हाकिमहरुले नियन्त्रणतर्फ आँखा चिम्लिने गरेको पनि स्रोतको भनाइ छ ।

## इजरायलमा...

दक्षिणी इजरायलमा गत असोज २० गते अर्थात् ७ अक्टोबरमा हमास समूहको आक्रमणमा परी १० नेपाली विद्यार्थीको मृत्यु भएको थियो । उनीहरूमध्ये मधुवन-१ सुनसरीका स्वर्णकार र सपही-६ धनुषाका साहको शव पहिचान हुन बाँकी थियो ।

मृत्यु भएका १० विद्यार्थीमध्ये हालसम्म पाँच जनाको शव नेपाल आइपुगेको छ। हालसम्म बझाङ जयपृथ्वी-६ का गणेशकुमार नेपाली, दार्चुला मालिकार्जन-४ का लोकेन्द्रसिंह धामी, दार्चुला लेकम-५ का दीपेशराज विष्ट, कैलाली घोडाघोडी-४ का नारायणप्रसाद न्यौपाने तथा कैलाली बौनियाँ-३ का आशीष चौधरीको शव नेपाल ल्याइएको परराष्ट्र मन्त्रालयले जनाएको छ।

सुदूरपश्चिम विश्वविद्यालयको कृषि क्षेत्रको 'लर्न एण्ड अर्न' कार्यक्रमअन्तर्गत उनीहरू इजरायल गएका थिए । सोही आक्रमणमा परी कञ्चनपुर भीमदत्त-३ का विपीन जोशी सम्पर्कविहीन रहेका छन्। केही समयअघि परराष्ट्रमन्त्री नारायणप्रकाश साउदसहितको टोलीले इजरायलमा फसेका दुई सय ५४ विद्यार्थीलाई उद्धार गरी नेपाल ल्याएको थियो ।


### मोटरसाईकल हरायो

मिति २०८०/०६/१० गते ५:०० बजेको समयमा काठमाडौंको वनकालीमा पार्किङ गरि राखेको बागमती प्रदेश ०२-०४२ प ८०९७ न. को खैरो रङको NS Pulsar 200cc को मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न नम्बरमा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

**सवारी धनी** : **अनिल कुमार कार्की**
**ईन्जिन नं.** : JIXCNE05267
**च्यासिस नं.** : MD2A36FXINCE81785
**सम्पर्क नं.** : **९८५४०६३७६२**


**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

### कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७८/०१/१२ मा दर्ता भएको **प्रा.लि. नं. २६२९९४** को **नेपालटार सिन्धु एण्ड मल्टिप्रपोज प्रा.लि**. नामक कम्पनी यस कार्यालयको मिति २०८०/०६/२६ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८०/०७/१५**

**गोकिनमेल अनलाइन सपिङ प्रा.लि**. को मिति २०८०/०७/०४ गते सम्पन्न विशेष साधारणसभाबाट पारित प्रस्तावको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **गोकिनमेल नेपाल प्रा.लि. (प्रा.लि. नं.: ३१९१६१)** कायम गर्ने गरी मिति २०८०/०७/१४ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### Invitation for Bids

## Jhapa Rural Municipality
## Office of the Rural Municipal Executive

**Taghandubba, Jhapa**
**Koshi Province, Nepal**

### Invitation for Bids No: SQ/JRM/Jhapa/02/080-81

**Date of publication: 2023-11-01 (2080-07-15)**

1. ***[Jhapa Rural Municipality, Office of Rural Municipal Executive]*** invites electronic bids from Nepalese eligible bidders for the procurement of ***[Supply and Delivery of Ayurveda Medicine]*** under Sealed Quatation Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost **Nrs. 1000** of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: NIC ASIA — Name of Office: Jhapa Rural Municipality
   Office Code no. : 80101325 — Office Account no.: 2022050512514014
4. Electronic bids must be submitted to the office ***[Jhapa Rural Municipality]*** through PPMO website www.bolpatra.gov.np/egp on or before ***[12:00PM]*** on ***[2023-11-22 (2080/08/06)***]. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***[1:00PM on 2023-11-22 (2080/08/06)***] at the office of ***[Jhapa Rural Municipality]***. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of NRs. 45000 (In Words: Forty Five thousands Only), which shall be valid for 30 days beyond the validity period of the bid . If bidder wishes to submit the Cash Security, the cash should be deposited in Deposit Account No**.[K2CA051251452407**], A/c Name **[Dharauti Khata]** at **[NIC Asia Bank Ltd., Jhapa Bazaar**] and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
7. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

**Chief Administrative Officer**

## Malikarjun Rural Municipality
## Office of the Rural Municipal Executive

**Shankarpur, Darchula**

### Contract Identification No: MRM/NCB/06-2080/81

**Date of publication: November 01,2023**

1. The *Malikarjun Rural Municipality Office* Bids for the **Procurement of Medicine and Surgical equipments.** The estimated amount is Rs.***35,48,329.95 Rupees***.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ***Name-Malikarjun Rural Municipality Office,Location-Malikarjun RM-8,Shankapur darchula, sudurpashim province Nepal mailing address-mrmdarchula@gmail.com, telephone-9851215869*** *or may visit PPMO website www.bolpatra.gov.np*.
3. A complete set of Bidding Documents may be purchased from the office Malikarjun Rural Municipality shankarpur Darchula office by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of Rs. 3000 .

***"Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP system i.e www.bopatra.gov.np/egp]. Bidders, submitting their bid electronically,should deposit the cost of bidding document in the following account***

***Name of the Bank: Machhapuchhre Bank Limited Office Account no.: 0890067449600115***

4. Sealed bids must be submitted to the office Malikarjun Rural Municipality shankarpur,darchula *through e-GP system i.e www.bopatra.gov.np/egp* on or before 12:00 on 1/12/2023 Bids received after this deadline will be rejected. and Pre-Bid Meetings on 20/11/2023 at 14:00.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 on 1/12/2023 at the office of *Malikarjun Rural Municipality, Shankarpur,Darchula*. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of ***Rs.90,000 Rupees,*** which shall be valid for 30 days beyond the validity period of the bid.

***Bidders, should deposit the bid security amount in the following account***

***Name of the Bank: Machhapuchhre Bank Limited***

***Name of Office:Malikarjun Rural Municipality***

***Office Code no. :80773505300 Office Account no.: 0890067449600039***

6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. The purchaser reserves the right to accept or reject, wholly or partly any or all the Bids without assigning any reason, whatsoever

आरती साह मृत्यु प्रकरण

# दोषीमाथि कारबाहीको माग राख्दै गृह मन्त्रालयलाई ज्ञापन पत्र



**राजेन्द्र महतो/मध्यान्ह**
सिरहा,१४ कात्तिक

धनुषा जिल्लाकी २२ वर्षीया आरती साहको रहस्यमय मृत्युबारे न्यायीक छानविन समिति गठन गर्न माग गरिएको छ। दोषीमाथि कडा कारबाहीको माग गर्दै प्रदेश युवा संजालले जिल्ला प्रशासन कार्यालय सिरहाका प्रमुख जिल्ला अधिकारी राजेन्द्रदेव पाण्डेमार्फत गृह मन्त्रालयलाई ज्ञापन पत्र बुझाएको छ।

पीडित परिवारको तर्फबाट अघि सारिएका आठ सूत्रीय मागप्रति समर्थन जनाउँदै प्रदेश युवा संजालका अध्यक्ष मो.नईम राईनद्वारा हस्ताक्षरित उक्त ज्ञापन पत्र गृह मन्त्रालयलाई बुझाइएको हो । पीडित परिवारले गएको असार १ देखि हालसम्म उक्त मागहरु अघि सार्दै २४ घण्टे धर्नामा बस्दै आएको उल्लेख गरिएको छ।

आरती साहको मृत्यु प्रकरणलाई न्यायिक छानविन समिति गठन गरी विषेश अनुसन्धान, पीडित पक्षलाई कुटपिट गर्ने प्रहरी अधिकारीमाथि कडा कारवाही, त्रुटिपूर्ण पोष्टमार्टमबारे विषेश जाँच गरी दोषीमाथि कारबाही, जिल्ला न्यायधिवक्ता धर्म अवतार कोइराला र सहायक जिल्ला न्यायधिवक्ता अजित कर्णको भूमिकाबारे छानविन गरी पाउँ, गर्भवती सम्बन्धी त्रुटिपूर्ण पक्षबारे विषेश जाँच गरी वास्तवित प्रतिवेदन पाउँ, पीडित परिवार र आरतीकी मामा सन्तोष साहको परिवारका सदस्यलाई विषेश सरक्षाको प्रबन्ध गर्नुपर्ने लगायत आठ सूत्रीय माग अघि सारिएको ज्ञापन पत्रमा उल्लेख गरेको छ।

पीडित परिवारले अघि सारेका मागहरु अबको सात दिनभित्र पूरा नगरिए सशक्त रुपमा चरणबद्ध तरिकाले आन्दोलन गर्न बाध्य हुने र सम्पूर्ण नोक्सानीको जिम्मेवार नेपाल सरकार हुने प्रदेश युवा संजालका अध्यक्ष मो.नईम राईनले बताए।

'पीडित परिवारले न्याय प्राप्तिको आचना गर्दै धर्नामा बसेको झण्डै पाँच महिना भइसक्दा पनि सम्बन्धित निकाय राम्रोसँग चासो नदिनु दुःखद पक्ष छ,'प्रदेश युवा संजालका अध्यक्ष राईनले भने,'आरती साहका परिवारलाई न्याय दिलाउन प्रभावकारी पहल गर्नका लागि म राष्ट्रिय मानव अधिकार, महिला आयोग तथा महिला अधिकारकर्मीहरुलाई विशेष अनुरोध गर्दछु।' उनले अनुसार पीडित परिवारलाई न्याय दिन अब आलटाल गरे युवाहरुले आन्दोलनको आँधीबेरी ल्याउने र सोमा हुने सम्पूर्ण नोक्सानीको जिम्मा राज्य पक्षलाई लिनुपर्ने बताए। समाजसेवी युवाहरु सुमित कुमार यादव, शिवम् यादव, मनिष कुमार यादव लगायतका युवाहको उपस्थितिमा उक्त ज्ञापन पत्र बुझाइएको हो।

# पुष्पखेती बढाउन मन्त्री भुसालको आह्वान

ललितपुर/मस-कृषि तथा पशुपक्षी विकासमन्त्री वेदुराम भुसालले फूलको आयात कम गर्न किसानलाई पुष्पखेती बढाउन आग्रह गरेका छन्।

मन्त्री भुसालले मंगलबार जावलाखेल खेलमैदानमा गोदावरी फूलको प्रतियोगितात्मक प्रदर्शनीको उद्घाटन गर्दै यस्तो आग्रह गरे । उनले नेपाली उत्पादनलाई प्रवर्द्धन गर्दै आयातलाई निरुत्साहित गर्न सरकार क्रियाशील रहेको बताए।

'रोपेर फूल गोदावरी, सजाऔँ घर आँगन वरिपरि' नाराका साथ सुरु भएको मेला यही कात्तिक १८ गते शनिबारसम्म चल्नेछ । पुष्प व्यवसायमा देखिएको बीउबिजनको समस्या पनि सुल्झाउने भुसालको प्रतिबद्धता थियो ।

फ्लोरिकल्चर एसोसिएसन नेपालका अध्यक्ष मीनबहादुर तामाङले पुष्पखेतीमा लगानीको वातावरण बनाउन सरकारले सहयोग गर्नुपर्नेमा जोड दिए। उनले बजारमा प्लास्टिकका फूलको आयातमा प्रतिबन्ध लगाउन सरकारसँग माग गरे । हरेक वर्ष १० देखि १५ प्रतिशतसम्म फूलको माग बढीरहेको छ।

# सवारी दुर्घटनामा दुई जनाको मृत्यु

**धुलिखेल/मस–** काभ्रेपलाञ्चोकको पनौती नगरपालिका-२ स्थित शिला भञ्ज्याङमा पराल ओसारेको गाडी दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको छ। अर्का एक जना गम्भीर घाइते भएको प्रहरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय काभ्रेपलाञ्चोकका प्रहरी नायब उपरीक्षक राजकुमार श्रेष्ठका अनुसार मंगलबार दिउँसो कुशादेवीबाट नयाँ गाउँतर्फ जाँदै गरेको बा४ख ६७२३ निसान गाडी ब्रेक फेल भई सडकबाट अन्दाजी छ सय मिटर तल खस्दा गाडीमा सवारमध्ये दुई जनाको मृत्यु भएको हो।

## उदयपुरगढी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**उदयपुरगढी, उदयपुर**
**कोशी प्रदेश, नेपाल**

### दरभाउपत्र आव्हान सम्वन्धी सूचना

**प्रथम पटक पत्रिकामा सूचना प्रकाशित मितिः २०८०/०७/१५**

उदयपुरगढी गाउँपालिकाको आ.व.०८०/८१ का लागि स्वीकृत कार्यक्रमबाट तपशिल बमोजिमका औषधि तथा औषधिजन्य सामग्रीहरु खरिद गर्नुपर्ने भएकोले इजाजत प्राप्त फर्म/कम्पनिहरुलाई उल्लेखित शर्तहरुको अधिनमा रहि रीतपूर्वक E–Bid खरिद प्रक्रिया मार्फत सहभागी हुन जानकारीको लागि यो दरभाउपत्र आव्हान सम्बन्धी सूचना प्रकाशित गरिएको छ।

| क्र.स. | ठेक्का नं र प्रकार | कामको बिवरण | दरभाउपत्र लागत (VATABLE तथा NON–VATABLE सहित) रकम रु. | दरभाउपत्र जमानत र कम रु. | दरभाउपत्र फारम खरिद रकम रु. | दरभाउपत्र बुझाउने अन्तिम मिति | दरभाउपत्र खुल्ने मिति | रकम जम्मा सम्बन्धि विवरण |
|---|---|---|---|---|---|---|---|---|
| १ | URM/SQ/ Med/ Goo ds/ 01-2080/81 | Procureme nt for Purchase and Supplies of Medical Goods | १५,००,०००/- | ३५,०००/- | १०००,० | २०८०-०८-०६ समय १२:०० बजे सम्म | २०८०-०८-०६ समय १:०० बजे | सानिमा बैंक राजस्व खाता: १२४०१००४०० धरौटी खाता १२४०१००४००००१५ |

नोटः- दरभाउपत्र सम्बन्धि बृस्तृत जानकारीको लागि यस कार्यालयको वेव साइट www.udayapurgadhimun.gov.np हेर्नुहुन अथवा कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ। सम्पर्क नं. ९८५२०४६९००, ९८४५२३०८२७ वा ९८४००३२६८२

**प्रमुख प्रशासकीय अधिकृत**

### Invitation for Bid

## Bhairabi Rural Municipality
## Office of the Rural Municipal Executive
**Bhairikalikathum, Dailekh**
**Karnali Province Nepal**

**Date of publication: 2080/07/15(01-Nov-2023)**

1. **Bhairabi Rural Municipality office** invites electronic bids from Nepalese eligible bidders for the following Project Under National Competitive bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Bhairabi Rural Municipality Bhairikalikathum,Dailekh** phone no 9858068668 email bhairabimun@gmail.com or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Eligible Bidder Must be Submission of a written application, along with the copy of company/firm registration certificate, Business Registration Certificate, Declaration letter,letter of bid Through PPMO e-GP system www.bolpatra.gov.np/egp.
4. A complete set of Bidding Documents can be downloaded from PPMO's e-GP system www. bolpatra.gov.np/egp. Bidders should deposit the cost of bidding document of **NRs.1,000.00** (**One thousand Rupees Only**) in the Project's Rajaswa (revenue) account as specified below and Scanned copy ( pdf format) of the bank deposit voucher should be uploaded by the bidder at the time of electronic submission of the bid.
5. **Information to deposit the cost of bidding document in Bank:**

   **Name of office: Bhairabi Rural Municipality Bhairikalikathu Dailekh.**

   **Name of Bank:Himalayan Bank ltd. Bhairabi Dailekh Branch.**

   **Bank Account No: 25550739280107 OfficeCode No:**
6. Electronic bids must be submitted to the office Bhairabi Rural Municipality through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before **12:00 hrs. 2080/08/29(15-Nov-2023)** Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **13:00 hrs. 2080/08/30 (16-Nov-2023)** at the office of Bhairabi Rural Municipality Bhairikakikathum Dailekh. Bids must be valid for a period of **45 days** after bid opening and must be accompanied by a **bid security** or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of Below Mentioned which shall be valid for 30 days beyond the validity period of the bid security in theform of cash should be deposited (Dharauti) Account as **26550739280093** at Himalayan Bank ltd. Branch office Bhairabi 4 Silangi Dailekh.
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

| S N | Contract Id. No. | Name of Project | Cost Estimate (Exclusive Vat and contengencies) NRs. | Bid Security Amount (NRs) | Deadline for Bid submission date and time | Bid Opening Date and Time | Bid document Amount (NRs) |
|---|---|---|---|---|---|---|---|
| 1. | BRM/NCB/ GOODS/ 2080/081-04 | Procurement and supply of Sanitary Pad | 1261638 | 43,000 | 2080/08/16 (16-Nov-2023) 12:00 hrs. | 2080/08/16(16-Nov-2023) 13:00 hrs. | 1,000 |

**Chief Administrative officer**

VACANCY ANNOUNCEMENT
WE'RE HIRING
यस प्रतिष्ठित म्यानपावर कम्पनीको लागि कर्मचारीहरुको आवश्यकता भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला।
Receptionist - 2 (F)
PRO - 2 (M/F)
तलब आपसी सहमतिमा
सम्बन्धित काममा २/३ बर्षको अनुभव भई अंग्रेजीमा राम्रोसँग बोल्न, लेख्न र पढ्न सक्ने हुनुपर्नेछ । कम्प्युटर राम्रोसँग जानेको हुनुपर्नेछ ।
Send us your CV: info@goldenach.com
01-5914478
01-5919381
Golden Achivers International Pvt.Ltd.
Basundhara Chauki Kathmandu, Nepal
Mobile: 9818261234, 9803552057, 9808752412

साउदीमा रोजगार | कम्पनीः AHMED AND MUTTAB SAUD AL-SINAN CO. & PARTNERS
शहर : Saudi Arabia
पूर्व स्वीकृत मितिः २०७८/०९/१९ चलानी नं.: ६०१७१९६७ L.T. No.:255482 पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Road Equipment Driver | 2 | 0 | स. काममा दक्ष | 2000 | ७०,८६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० कार्तिक २२ गते (8 November 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादि जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. ३३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

श्रम इजाजत नं. ४४९/०६०/०६१
क्वालीटी इन्टरनेशनल ओभरसिज कन्सल्टेन्सी कं. प्रा.लि.
काठमाण्डौं म.न.पा.९, सिनामँगल, काठमाण्डौं नेपाल मोबाइल नं. ९८४१४९८८६६, ९८४१९२७६७६।
Email : skboverseas@hotmail.com

UAE मा रोजगार | कम्पनीः EAGLE EYE SECURITY SERVICES LLC
शहरः UAE
पुर्व स्वीकृत मितिः २०७९/११/१८ चलानी नं.: ६०१९७४१६ L.T. No.: 282036 पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Male Security Guard | 20 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,४२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Female Security Guard | 0 | 6 | | 1200 | ४३,४२८ | | | | | | | |
| 3. | Male Security Supervisor | 2 | 0 | | 2000 | ७२,३८० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८० कार्तिक २२ गते (8 November 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादि जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझ्न विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

Gov. Lic. No. 1586/079/80
HIMALAYAN GORKHA HR SOLUTION PVT LTD
Pulchowk, Lalitpur, Nepal | Ph. No.: 01-5915660
Mob: 9869009640 | 9849913982 | 9810274885 | 9855065493 | 9851168772 | 9762530735
E-mail: himalaygorkha15@gmail.com | Website: www.himalaygorkhahr.com.np



## सम्पादकीय

# गुटेरेसले उठाएको एजेण्डा

चार दिने नेपाल भ्रमणमा आएका संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले मंगलबार संघीय संसदको संयुक्त बैठकलाई सम्बोधन गर्दै केही महत्वपूर्ण सन्देश दिएका छन् । संसद बाहिरका अभिव्यक्ति मार्फत् पनि उनले अर्थपूर्ण आह्वान विश्वजगतलाई दिएका थिए । लुम्बिनी पुगेर विश्वशान्तिको कामना गरेका गुटेरेसले काठमाडौंबाटै इजरायल र प्यालेस्टाइनबीच चर्किएको युद्ध बिरामको आह्वान गरे । एकदिन अगाडि मात्रै युद्धविराम आह्वान गर्ने प्रस्ताव संयुक्त राष्ट्रसंघको बैठकबाट पारित गरेर नेपाल आएका उनले सार्वजनिक अभिव्यक्तिबाट गरेको आग्रहलाई विश्वजगतले ध्यान दिएको थियो । त्यसपछि पोखरा, सगरमाथा आधार शिविर लगायत ठाउँ पुगेका गुटेरेसले मंगलबार संघीय संसद्को बैठकबाट केही अर्थपूर्ण सन्देश स्वयम् नेपालकै नेताहरूलाई पनि दिए । उनले मुलतः नेपालको शान्ति प्रक्रिया र जलवायु परिवर्तनको एजेण्डाप्रति आफ्नो कुरा राखेका थिए ।

शान्ति प्रक्रिया, संविधान निर्माण र परिवर्तनका एजेण्डा सम्भदै गुटेरेसले नेपालका नेताहरूलाई आफ्नो भूमिका सम्भाए । डेढ दशक बढीदेखि अल्भिरहेको शान्ति प्रक्रिया नेपाली नेताहरूकै दायित्व भएको संस्मरण गराउँदै त्यसमा राष्ट्रसंघको साथ रहने बताए । शान्ति प्रक्रियालाई टुंग्याउने अन्तर्राष्ट्रिय कानून, सर्वोच्च अदालतको आदेश र पीडितलाई न्याय अनुभूति हुनेगरी मापदण्ड बनाउन सकिने विकल्प पनि गुटेरेसले सुनाए । सम्बोधनकै क्रममा गुटेरेसले जलवायु परिवर्तनले नेपालमा परिरहेको डरलाग्दो दृष्य प्रस्तुत गरे । बितेको तीस वर्षमा नेपालले एक तिहाइ हिम नदी गुमाइसकेको र त्यो दर बढ्दै जाँदा देशकै अस्तित्वमाथि प्रश्न उठ्ने डरलाग्दो अनुमान गरे । तर जलवायु परिवर्तनको असरबाट पुगिरहेको क्षतिबारे नेपाललाई संयुक्त राष्ट्रसंघको साथ रहने आश्वासन दिए ।

यसरी संयुक्त राष्ट्रसंघका महासचिवले १५ वर्षपछि नेपाल भ्रमण गरी नेपालले अन्तर्राष्ट्रिय मञ्चमा उठाउनुपर्ने एजेण्डाबारे आफै गम्भीर भएको बताए । गाजा क्षेत्रको युद्धरत भूमिमा नेपाल प्रत्यक्ष पीडित भएकोदेखि नेपालको राजनीतिक तथा जलवायु परिवर्तनसम्मका एजेण्डा एठाएर गुटेरेस आज (बुधबार) फर्कदैछन् । तर उनी फर्किएसँगै जलवायु परिवर्तन, शान्ति प्रक्रिया र युद्धग्रस्त क्षेत्रबाट नेपालले भोगिरहेको एजेण्डा सुस्ताउने खतरा पनि छ । किनकि गुटेरेस नेपाल आउँदा पनि नेपालको नेतृत्व उनीसँग गर्नुपर्ने र उठाउनुपर्ने एजेण्डाप्रति एकमत थिएनन् । आ–आफ्नै प्रकृतिका स्वार्थजडित प्रशंगलाई गुटेरेससामु राखेका थिए । तर त्यसलाई बिर्सिएर गुटेरेसले विश्व मञ्चमा नेपालले उठाउनुपर्ने एजेण्डा सम्भाइदिएका छन् । अब राजनीतिक नेतृत्वले गुटेरेसले भनिदिएको एजेण्डालाई जोड दिनु उचित हुनेछ ।

# अमेरिकामा फैलिँदो ‘बन्दुक संस्कृति’

*अमेरिकामा केही वर्षयतादेखि निकै नै असहिष्णु र हिंस्रक मनोवृत्ति विकास भइरहेको छ । सजिलैसँग हात हतियारको उपलब्धताको परिणाम नियमित जसो त्यहाँ हत्याका विभत्स दुःखद घटनाहरू घटिरहेका छन् ।*

**अग्रलेख**



● लोक नारायण सुवेदी

आफूलाई निकै सभ्य र सर्वश्रेष्ठ मान्ने गरेको अमेरिकामा केही वर्ष यतादेखि निकै नै असहिष्णु र हिंस्रक मनोवृत्ति विकास भइरहेको छ । सजिलैसँग हात हतियारको उपलब्धताको परिणाम नियमित जसो हत्याका विभत्स दुःखद घटनाहरू त्यहाँ घटिरहेका छन् । पछिल्लो पटक अमेरिकामा एकजना हतियारधारीले जथाभावी गोली चलाएर २१ जना निर्दोष मानिसहरूको ज्यान लियो भने कयौँलाई गम्भीररूपमा घाइते तुल्यायो । उक्त हतियारधारीले विभिन्न तीन स्थानमा त्यसरी नै गोली बर्साउने काम गरेपनि उक्त व्यक्ति घटना स्थलबाट भाग्न सफल भएको देखियो । पछि उसले आत्महत्या गरेको र उसको शव घरबाटै प्राप्त भएको खबर पनि आयो । यसमा अर्को अभ्र आश्चर्यलाग्दो कुरा के छ भने विश्वको सबैभन्दा चुस्त दुरुस्त र सक्षम भनिने गरेको अमेरिकी पुलिस एउटा हत्यारालाई पक्रिन नसकेर यस्तो लाचार जस्तो देखियो कि त्यसका लागि उसले आम जनसाधारणलाई अपिल नै गर्नुपर्ने स्थितिमा पुग्यो ।

